# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## महाभारत गाउँपालिका

काभ्रेपलाञ्चोक




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## महाभारत गाउँपालिका
### काभ्रेपलाञ्चोक




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## महाभारत गाउँपालिका

### काभ्रेपलाञ्चोक

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट मूलतः खर्चको तुलनामा आन्तरिक आयको हिस्सा न्युन रहेको, बर्षान्तमा बढी खर्च गरेको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, दरबन्दी अनुसार पदपुर्ती नभएको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको जस्ता व्यहोराहरु देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको जस्ता समस्याहरु रहेका छन् ।

उल्लिखित विषयहरुका अलवा स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको समेत देखिएन । त्यसैले

लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, बागमती प्रदेश

पत्र संख्याः २०७९।८०
च.नं. ११८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
महाभारत गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
काभ्रेपलान्चोक ।

**कैफियत सहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ३० लाख ९९ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु १ लाख ४७ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २ लाख २६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २४ लाख ८९ हजार, नियमित गर्नुपर्ने रु ६७ हजार र पेश्की रू. १ लाख ७० हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ९५ लाख ५१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु ४ करोड ९ लाख रहेको छ । पालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट वर्षान्तमा बढी खर्च गरेको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुगमन मुल्याङ्कन कार्य प्रभावकारी नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(श्यामप्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

महाभारत गाउँपालिका, काभ्रेपलान्चोक

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४३ | ७८ | ३०९९ | ० | २९ | १४७ | ४३ | ४९ | २९५२ | २२६ | ६७ | २४८९ | ० | ० | २५५६ | १७० |

## १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ३३ | वितरणको प्रमाण पेश गरेको। | ९५००० |
| २ | ३५ | बैठक भत्ता बढी भुक्तानी दाखिला गरेको। | २९७५० |
| ३ | ३६ | गाउँसभा बैठक भत्ता बढी भुक्तानी दाखिला गरेको। | ५१०० |
| ४ | ३७ | गाउँसभा बैठक भत्ता बढी भुक्तानी दाखिला गरेको। | ११९०० |
| ५ | ५५ | कन्टिन्जेन्सी कट्टी दाखिला गरेको। | ५००० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महाभारत गाउँपालिका काभ्रे | ६९५५१ | ० | ३१६०३ | ३७९४८ | ० | २९५२ | ४०९०० |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : महाभारत गाउँपालिका , काभ्रेपलाञ्चोक

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | हरि सिंह विष्ट | २०७८-९-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शान्ता भट्टराई | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २,९५२,१५७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २७,८८,०३,३१०.२२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,६०,०६,००० | **चालु खर्च** | २४,७५,६६,८५९ |
| **प्रदेश सरकारबाट अनुदान** | ७,०२,२३,००० | **पूँजीगत खर्च** | २१,३९,६३,७४८ |
| **राजश्व बाँडफाँट** | ८,३८,६३,२०४.३६ | **वित्तीय/अन्य व्यवस्था** | ९,७२,९०,५८८ |
| **आन्तरिक आय** | ३०,९५,९३५ | | |
| **अन्य आय** | ९,१५,१८,७२८ | | |
| **कुल आय** | ५७,४७,०६,८६७.३६ | **कुल खर्च** | ५५,८८,२१,१९५ |
| **बाँकी मौज्दात** | | २९,४६,८८,९८२.५८ | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस महाभारत गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस स्थानीय तह अन्तर्गत ८ वडा, ४४ सभा सदस्य, १८६ वर्ग किलोमिटर क्षेत्रफल तथा १८ हजार २८३ जनसंख्या रहेको छ । | |
| २ | | | **सामाजिक सुरक्षा तर्फको लेपको क्रममा फिर्ताः** सामाजिक सुरक्षातर्फ यस आर्थिक वर्ष ७८।७९ मा बैंकमा रु.४८९२५०१ निकासा भएकोमा लाभग्राहीको खातामा रु.४७४९७४४७ डिपोजिट भई निकासा बाकी रहेको रकम रु.१४२७५७७ लेखापरीक्षणको क्रममा फिर्ता भएको छ । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः** सामाजिक सुरक्षा तर्फको आलेपको क्रममा देखिएको बैकंबाट फिर्ता गर्नुपर्ने रकम रु १४२७५६७।०० लेखापरिक्षणको क्रममा फिर्ता गरेको<br><br>गाउँसभामा बढी भुक्तानी भएको बैठक भत्ताबापतको रु.१७०० दाखिला प्रमाण पेश<br><br>गाँउसभातर्फ बढी भुक्तानी भएको रकम रु.६९७०० असुली भई दाखिला प्रमाण पेश | |
| ४ | | | **वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्।<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ९८४११६१.१७ ले फरक देखिएको छ ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५ | | | **अन्तरसरकारी अख्तियारीतर्फका खर्चहरुः** पालिकाले पेश गरेको वित्तीय प्रतिवेदनमा समावेश नभएका अन्तरसरकारी अख्तियारीतर्फका खर्चहरुको बैंक नगदी किताब र कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेपलाञ्चोक द्धारा प्रमाणित आर्थिक विवरण अनुसारको आधारमा देहायबमोजिम रहेको पाइयो ।<br><br>(तालिका तल) | |

| सि. नं . | खर्च शीर्षक | बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| १ | ३१४०१०१२३- सामाजिक सुरक्षा तथा संरक्षण | ४९१८२६२४ | ४८९२५०१४ | ४८९२५०१४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>३६५०११११४- स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम</td><td>७००००००</td><td>६५३५१२६</td><td>६५३५१२६</td></tr>
<tr><td>३</td><td>३७०००११६४- एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>३०१६७०००</td><td>२७०३२२४१</td><td>२७०३२२४१</td></tr>
<tr><td>४</td><td>३५०००११८४- प्रदेश पूर्वाधार , स्वास्थ्य प्रबद्धन तथा कोभिड पूनर्स्थापना साझेदारी कार्यक्रम</td><td>१५०००००</td><td>१४९९७९७</td><td>१४९९७९७</td></tr>
<tr><td>५</td><td>३३७०००११४- भौतिक पूर्वाधार विकास मन्त्रालय</td><td>४९६५०००</td><td>३१२१८१४</td><td>३१२१८१४</td></tr>
<tr><td></td><td>जम्मा</td><td>९२८१४६२४</td><td>८७११३९९२</td><td>८७११३९९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>वित्तीय विवरण विश्लेषण</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>स्थानीय संचित कोष: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वितिय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न वमोजिम रहेको छ।
<table>
<tr><td rowspan="2">विवरण</td><td colspan="4">यस वर्ष रु.</td></tr>
<tr><td>बजेट</td><td>आफैले गरेको प्राप्ति/भुक्तानी</td><td>वस्तुगत/सोझै भुक्तानी</td><td>जम्मा</td></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>४९, ९१ , ८१ , ७४५.००</td><td>४८, ७५ , ९२ , ८७५.३६</td><td></td><td>४८, ७५ , ९२ , ८७५.३६</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>४८, ७३ , २२ , ०००.००</td><td>४८, ३१ , ८८ , १३९.३६</td><td>०</td><td>४८, ३१ , ८८ , १३९.३६</td></tr>
<tr><td>११००० कर</td><td>८, ६५ , ७३ , ०००.००</td><td>८, ३८ , ६३ , २०४.३६</td><td>०</td><td>८, ३८ , ६३ , २०४.३६</td></tr>
<tr><td>१३००० अनुदान</td><td>३९, ६९ , ४९ , ०००.००</td><td>३९, ६२ , २९ , ०००.००</td><td>०</td><td>३९, ६२ , २९ , ०००.००</td></tr>
<tr><td>संघीय सरकार</td><td>३२, ६७ , २६ , ०००.००</td><td>३२, ६० , ०६ , ०००.००</td><td>०</td><td>३२, ६० , ०६ , ०००.००</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>७, ०२ , २३ , ०००.००</td><td>७, ०२ , २३ , ०००.००</td><td>०</td><td>७, ०२ , २३ , ०००.००</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १४००० अन्य राजस्व | ३८,००,०००.०० | ३०,९५,९३५.०० | ० | ३०,९५,९३५.०० |
| ख. अन्य प्राप्ति | १,१८,५९,७४५.०० | ४४,०४,७३६.०० | | ४४,०४,७३६.०० |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | १,१८,५९,७४५.०० | ० | ० | ० |
| धरौटी | ० | ४४,०४,७३६.०० | ० | ४४,०४,७३६.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ६१,४१,८१,७४५.०० | ३९,८८,५६,९१८.०० | | ३९,८८,५६,९१८.०० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६०,२३,२२,०००.०० | ३८,९२,५०,९१५.०० | | ३८,९२,५०,९१५.०० |
| २१००० पारिश्रमिक / सुविधा | १७,०९,२७,५००.०० | १३,२७,९०,३४६.०० | ० | १३,२७,९०,३४६.०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १०,९३,७८,०००.०० | ५,९०,४८,३०१.०० | ० | ५,९०,४८,३०१.०० |
| २५००० सहायता ( Subsidy) | ६,७८,०००.०० | ४,७७,६००.०० | ० | ४,७७,६००.०० |
| २६००० अनुदान | १,५५,८५,०००.०० | १,१०,१४,७६५.०० | ० | १,१०,१४,७६५.०० |
| २७००० सामाजिक सुरक्षा | १,१०,६७,०००.०० | ७१,८६,९८०.०० | ० | ७१,८६,९८०.०० |
| २८००० अन्य खर्च | ११,६६,५००.०० | ४,३०,८९०.०० | ० | ४,३०,८९०.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २९,३५,२०,०००.०० | १७,८३,०२,०३३.०० | ० | १७,८३,०२,०३३.०० |
| घ. अन्य भूक्तानी | १,१८,५९,७४५.०० | ९६,०६,००३.०० | | ९६,०६,००३.०० |
| कोषहरु | १,१८,५९,७४५.०० | ८१,५१,७००.०० | ० | ८१,५१,७००.०० |
| धरौटी | ० | १५,२६,३२५.०० | ० | १५,२६,३२५.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -७२,०२२.०० | | -७२,०२२.०० |
| ङ. यो वर्षको बचत (न्युन) | (११ , ५० , ०० , ०००.००) | ८, ८७ , ३५ , ९५७.३६ | | ८, ८७ , ३५ , ९५७.३६ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | २७, ८८ , ०३ , ३१०.२२ | | २७, ८८ , ०३ , ३१०.२२ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (११ , ५० , ०० , ०००.००) | ३६, ७५ , ३९ , २६७.५८ | | ३६, ७५ , ३९ , २६७.५८ |
| बैंक तथा नगद बाकी | | ३७, ८३ , ३४ , ३७२.५८ | | ३७, ८३ , ३४ , ३७२.५८ |

६.२

म्यानुअल खर्च प्रविष्टीः गाउँपालिकाले आर्थिक वर्ष ७८।७९ मा निम्नानुसारका सुत्रमा प्रविष्टि भएका खर्च शीर्षकहरुमा सुत्रमा खर्च नलेखि म्यानुअल प्रविष्टिका आधारमा खर्च लेखेको देखियो । सुत्रमा प्रविष्टि नभई म्यानुअल प्रविष्टी गरि खर्च लेख्ने प्रवृत्तिलाई सुधार गर्नुपर्ने देखिन्छ ।

| खर्च मिति | खर्च शीर्षक | | रकम |
|---|---|---|---|
| | कुल संघीय सशर्त चालु खर्च ( क ) | रकम | ३६६१७९७७ |
| ०७८।६।२१ | रोजगार संयोजकको तलब | २०८५७० | |
| ०७८।७।१५ | शिक्षक तलब भत्ता | ९८१८२५ | |
| ०७९।३।२५ | माध्यमिक तह कक्षा ९- १० शिक्षण सहयोग अनुदान | २५९१००० | |
| ०७९।३।२५ | आधारभूत तह र बालविकास सहजकर्ताको विद्यालय व्यवस्थापन अनुदान | ४७०३१६२ | |
| ०७८।११।६ | सामाजिक सुरक्षा अनुदान फिर्ता | २५०४०० | |
| ०७८।११।१३ | संघ सशर्त चालु अनुदान फिर्ता | २७८८३०२० | |
| | कुल पूजीगत खर्च ( ख ) | | ३५६६१७१५ |
| २०७८।१२।१० | मूल्याङ्कन समितिको बैठक | २४२२५ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८।१२।२९</td><td>संघ सशर्त पूजीगततर्फ अनुदान फिर्ता</td><td>१६०२७०८८</td><td></td></tr>
<tr><td>२०७८।८।१३</td><td>प्रदेश विशेष अनुदान पूजीगततर्फ अनुदान फिर्ता</td><td>५०००००</td><td></td></tr>
<tr><td>२०७८।८।१३</td><td>प्रदेश समपूरक पूजीगततर्फ अनुदान फिर्ता</td><td>८००००००</td><td></td></tr>
<tr><td>२०७८।८।१३</td><td>प्रदेश सशर्त चालुतर्फ अनुदान फिर्ता</td><td>१०५००००</td><td></td></tr>
<tr><td>२०७८।८।१३</td><td>प्रदेश सशर्त पूजीगततर्फ अनुदान फिर्ता</td><td>४००००</td><td></td></tr>
<tr><td>२०७८।१२।२९</td><td>प्रदेश विशेष तर्फ अनुदान फिर्ता</td><td>२१०४०२</td><td></td></tr>
<tr><td></td><td>कुल म्यानुअल प्रविष्टी गरेको खर्च ( ग = क + ख )</td><td></td><td>७२२७९६९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.२७११३२७७६ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२७,८८,०३,३१०.२२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.76,70,534.22 बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.
<table>
<tr><th>खाताको प्रकार</th><th>खाता अनुसार बाकी रु (A)</th><th>म्यानुअल खर्च गरेको ( B)</th><th>कुल बाकी (C=A-B)</th><th>बैंक अनुसार बाकी रु (D)</th><th>फरक(E=C-D)</th></tr>
<tr><td>ग १.१, आन्तरिक राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td><td>६६७९०२७</td><td>6679026.71 ले बढी</td></tr>
<tr><td>ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td><td>४२६८८३३८.७५</td><td>42688338.75 ले बढी</td></tr>
<tr><td>ग १.३, आन्तरिक अनुदान खाता</td><td>०</td><td>०</td><td>०</td><td>१८०३१२१३६</td><td>180312136 ले बढी</td></tr>
<tr><td>ग २.१, चालू खर्च खाता- विजोर वर्ष</td><td>२, ०७ , २१ , १७४.९४</td><td>३६६१७९७७</td><td>१५८९६८०२।०६</td><td>३१, ४७ , ६१६.९४</td><td>१२७४९१८५ ले कम</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ग २.३, पूँजिगत खर्च खाता-विजोर वर्ष | ७, ०५ , ७१ , ९५०.०० | ३५६६५९९० | ३४९०५९६० | २०,४०६,१८४ | १४४९९७७६ ले कम |
| ग २.७, विविध खर्च खाता | २१९९८६२ | ० | २१९९८६२ | ४०, ६५ , १९६.०० | १८६५३३४ ले बढी |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ६६, ८८ , ९२३.५२ | ९८९६५ | ६५८९९५८।५२ | ६६, ८८ , ९२३.५२ | ९८९६५ ले बढी |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | २६, ०२ , ६३ , ९५०.१२ | ० | २६, ०२ , ६३ , ९५०.१२ | ३, ३९ , १६ , ६६७.५४ | २२६३४७२८२।५८ ले कम |
| ग १.१ प्रकोप व्यवस्थापन खाता | १८०५७०० | ४७१६२८ | १३३४०७२ | १३३४०७२ | ० |
| जम्मा | ३६२२५१५६०।५८ | ७२८५४५६० | २८९३९७०००।५८ | २९९२३८१६१।७५ | ९८४११६१.१७ ले बढी |
| बैंक कारोबारमा भिन्नता [सञ्चित कोष खाता र खर्च खाता] | १, ७८ , ८८ , ५१२.०० | | | | |
| कुल जम्मा | ३७, ८३ , ३४ , ३७२.५८ | ७२८५४५६० | ३०५४७९८१२।५८ | २९९२३८१६१।७५ | ६२४१६५०।८३ ले कम |

९

**बजेट पेश, पारित र अख्तियारी** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष प्रमुख श्री चेतकुमारी माझी ले मिति २०७८।०३।१० गते रु.५४ करोड ५९ लाख ३४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

१०

**क्षेत्रगत बजेट र खर्च** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 32983795 | २०२२८२६८ | ५.१९% |
| सामाजिक क्षेत्र | 299262500 | 206449903 | ५३.०३% |
| पूर्वाधार विकास क्षेत्र | 206324204 | 121356615 | ३१.१७% |
| सुशासन तथा अन्तरसम्बन्धित | ९५७८००० | ३८१२९१५ | ०.९७% |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 53973501 | 37403214 | ९.६०% |
| जम्मा | ६०२३२२००० | ३८९२५०९९५ | १००.००% |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **त्रैमासिक पुंजीगत खर्च** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार त्रैमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | |
| १ | महाभारत गाउँ कार्यपालिका पूजीगत | १४०४१२ | ० | २१२३७ | ३०२२८ | ८८९४६ | ६६३७३ |
| २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम पूजीगत | २९६१० | ० | २००० | ४४९७ | २३११३ | १३०८७ |
| ३ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पूजीगत | ८२७८ | ० | ० | ० | ८२७८ | ६६६१ |
| | कुल खर्च | १७८३०२ | ० | २३२३७ | ३४७२५ | १२०३३८ | ८६१२२ |
| | खर्च प्रतिशत | १०० | ० | १३.०३% | १९.४७% | ६७.४९% | ४८.३०% |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची 14 वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन।<br><br>• स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा सबै खर्चको प्रविष्टी नगरिकन म्यानुअल खर्च समेत लेखेको देखियो।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामाको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको।<br><br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन।<br><br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समिति को नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १३ | | | **कानुन र सञ्चालन स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, २ वटा नियमावली, १९ कार्यविधि र १ निर्देशिका लगायत २६ वटा कानुनहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **न्यायिक समिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको २ गरी कुल ४ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ। | |
| १५ | | | **विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु.२४५००० खर्च गरेको छ। | |
| १६ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १५ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, ईन्जिनियर, प्रशासन अधिकृत सहित १९ पदहरु रिक्त रहेका छन्। पालिकामा हाल दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ। | |
| १७ | | | **कर्मचारी करार**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदहरुमा ७२ जना कर्मचारीहरु करारमा राखि रु.२१९०६७२० खर्च लेखेको छ।<br><br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा ४४ जना करार नियुक्ति गरी बर्षभरीमा रु.१४३४१८८० भुक्तानी गरेको अनियमित देखिएको | |

| पद | संख्या | तलब स्केल | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|
| अहेव स्वास्थ्य चौकी | ६ | २८६१० | 2231580 | |
| अनमी स्वास्थ्य चौकी | ५ | २८६१० | 1859650 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| अहेव सामुदायिक केन्द्र | ७ | २६००० | 2366000 | |
| अनमी सामुदायिक केन्द्र | ६ | २६००० | 2028000 | |
| अनमी स्वास्थ्य चौकी | १ | २८६१० | 143050 | फाल्गुणदेखि असार सम्म |
| अहेव आधारभत स्वास्थ्य चौकी | १ | २६००० | 130000 | फाल्गुणदेखि असार सम्म |
| अनमी स्वास्थ्य चौकी | १ | २८६१० | 57220 | फाल्गुणदेखि चैत मसान्तसम्म |
| ल्याब अशिष्टेन्ट | १ | २८६१० | 371930 | |
| स्टाफ नर्स | १ | २८२०० | 366600 | |
| मेडिकल अधिकृत | १ | ४०३८० | 403800 | |
| क.अ | १ | ३०२०० | 392600 | |
| स क अ | ८ | २६००० | 2704000 | |
| असई | १ | २८६१० | 371930 | |
| पशु प्राविधिक | ३ | २८६१० | 686640 | |
| नायब प्राविधिक सहायक | १ | २८६१० | 228880 | |
| | | जम्मा | 14341880 | |
| का. स. | १८ | १८००० | 4212000 | |
| का. स. | १ | १९४८० | 233760 | |
| सवारी चालक | २ | २२०१० | 572260 | |
| project basis | | | 0 | |
| एम आइ एस अपरेटर | १ | ३०२०० | 392600 | |
| एम आइ एस सहायक अपरेटर | २ | २८६१० | 743860 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| रोजगार संयोजक | १ | ३७९९० | 493870 | |
| रोजगार सहायक | ० | ० | 0 | |
| प्राविधिक सहायक | १ | ३०२०० | 392600 | |
| लघु उद्यम सहजकर्ता | १ | २८६१० | 371930 | |
| सूचना प्रविधि अधिकृत | १ | ३७९९० | 151960 | साउनदेखि कार्तिकसम्म |
| कुल जम्मा | ७२ | ६८४७५० | 21906720 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **धरौटी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ नियम ६४ (१) र (२) मा कार्यालयले धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने र कार्यालयले धरौटीको लेखा अद्यावधिक राखी एक आर्थिक वर्षमा बाकी रहेको धरौटी अर्को आर्थिक वर्षको लागि जिम्मेवारी सार्नुपर्ने व्यवस्था छ। पालिकाको धरौटीतर्फ गत वर्षको मौज्दात रु.४०४५१७२.५२, यसवर्ष रु.४४०४७३६ आम्दानी भई कुल रु.८४४९९०८.५२ आम्दानी भएकोमा यसवर्ष रु.१५२६३२५ धरौटी फिर्ता भई रु.६९२३५८३.५२ बाकी रहेको देखिन्छ। | |
| १९ | | | **सोझै खरिद**<br><br>सार्बजनिक खरिद ऐन २०६३को दफा ८ ख २मा यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम बमोजिम खरिद गर्दा प्रतिस्प्रधा सिमितहुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुनेमा गाँउ पालिकाले निम्नानुसार टुक्रापारी खरिद गरेकोले यस्मा सुधार हुनुपर्ने देखिन्छ। | |

| भौ.नं/ मिति | आपुर्तक | सामग्री | जम्मा मुल्य |
|---|---|---|---|
| ३१-७९।३।१५ | सर्भे हाउस ईन्टरप्राईजेज | सर्भे सम्बन्धि सामग्री | १८२७२१। |
| ४२-०७८।९।३० | कोशीकी इन्फोसिस इन्टरनेशनल | ल्यापटप | ४१०४९१। |
| ११९-७८।१२।२५ | कोशीकी इन्फोसिस इन्टरनेशनल | ल्यापटप | ४२३०००। |
| २१०- ०७९।२।१३ | एन.बि.ट्रेडिङ्ग हाउस | सि.सि.क्यामरा | ४९६४४९। |
| ३६८- ०७९।३।२४ | टोटल मेशिनरी प्रा.ली | कफी पल्पर मेशिन | ३०००००। |
| २९१—७९।३।१९ | हाईटेक ईन्टरनेशनल ईन्फोशिस | फर्निचर | २४९६००। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| २०८- ०७९।२।१३ | बि.एण्ड.बि.होम डेकोर | फर्निचर | ४९८३३०। |
| २०९- ०७९।२।१३ | बनेपा फर्निचर एण्ड फर्नीसिङ्ग सेन्टर | फर्निचर | ४९९१७७। |
| २९०- ०७९।३।१३ | सि.एच.मेडिहेल्थ कन्सर्न प्रा.ली. | बर्थीङ्ग सेन्टर, औषधी खरिद | १४९८४४। |
| ३६७- ०७९।३।२३ | श्रृजिता मेडीसिन एण्डसर्जीकल सप्लायर्स | एम्बुलेन्स सामग्री जडान | ९९९९०३। |

२०

**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ।

२१

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाको ०७८।७९ मा संचित कोष खातामा कुल आन्तरिक आम्दानी रु. ८,६९,५९,१३९.३६ रहेको छ जसमध्ये बाडफाड बापत प्राप्त आम्दानी रकम रु. 81,560,696.8 र अन्य आन्तरिक आय रु. 2,302,507.5 गरेको देखिन्छ। साथै कुल आन्तरिक आम्दानीमध्ये कर राजश्व रु.८,३८,६३,२०४.३६र गैर कर राजश्व रु.३०,९५,९३५.०० रहेको देखिन्छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| राजस्व उपशीर्षक | अनुमानित बजेट | प्राप्त रकम रु. | असुली प्रतिशत |
|---|---|---|---|
| ४०.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने र नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ।पालिकाले गो.भौ.नं।मिति ६९।०७९।३।२२ मार्फत प्राविधिक धार ल्याब स्तरोन्नति व्यवस्थापन अनुदान शीर्षकमा भैरब मा.वि.लाई रु.१० लाख अनुदान दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि बिलभरपाई पेश भएको देखिएन। बिलभरपाई पेश नभएका कारण सशर्त अनुदानबापतको रकम सम्बन्धित कार्यक्रममा खर्च भए/नभएको सम्बन्धमा यकिन हुन नसकिएकोले बिलभरपाइ पेश हुनुपर्ने रु. | १,०००,००० |
| ४१ | | | **औषधि व्यवस्थापन तर्फ** | |
| ४१.१ | | | पालिकाले खरिद गरेका औषधिहरूमा “नेपाल सरकारको निःशुल्क स्वास्थ्य कार्यक्रमका लागी” भन्ने लोगो लगाउनु पर्ने व्यवस्था छ। पालिकाले खरिद गरेका र हस्तान्तरण भई आएका निःशुल्क | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | वितरण गर्ने औषधिहरू मध्ये नमूना छनौट गरी परिक्षण गर्दा देहाय बमोजिमका औषधिहरूमा निम्नानुसार रहेको पाइयो । | |

| औषधी | Expiry date | Batch no. | Remarks |
|---|---|---|---|
| Fluconazole Capsules | Oct.2024 | भएको | Ins. supply only |
| Paracetamol Tablets | Oct.2024 | भएको | Ins. supply only |
| Oral rehydration salt- Citrate | Oct. 2025 | भएको | Ins. supply only |
| Vitamin D3 Tablets | Oct.2024 | भएको | Ins. supply only |
| Cloxacillin Capsules | Oct.2024 | भएको | Ins. supply only |
| Doxycycline Capsules | Oct.2024 | भएको | Ins. supply only |
| Amoxycillin | Aug. 2024 | भएको | Ins. supply only |
| Clotrimazole Tablet | Aug. 2024 | भएको | Ins. supply only |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१.२ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निानुसार छनः<br><br>(क) खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br><br>(ख) आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br><br>(ग) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br><br>(घ) औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br><br>(ङ) औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **कफी पल्पर मेशिन**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०)मा जिम्मेवार व्यक्तिले सरकारी र कम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाइ र कागजात संलग्न भए वा तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाच गर्नुपर्ने व्यवस्था छ । पालिकाले ५०% अनुदानमा कफि पल्पर मेसिन वितरण गरेकोमा टोटल मेसिनरी प्रा.लि.बाट बिल नं.५२५३।०७९।३।२२ मर्फत रु.२९००० का दरले १६ वटा मेसिन खरिद गरी गापा पूजीगत गो.भौ.नं।मिति ३६८।०७९।३।२४ बाट रु.३ लाख र विविध खर्च खाता गो.भौ.नं।मिति ९।०७९।३।२४ मार्फत रु.१६४००० गरी कुल रु.४६४००० खर्च लेखेको देखियो । पालिकाले रु.४६४००० को ५०% अनुदानबापत रु.२३२००० र कृषकले रु.२३२००० व्यहोर्नुपर्नेमा कृषकले मिति ०७९।३।२२ मा गाउँपालिकाको आन्तरिक राजस्व खातामा रु.२२५००० मात्र बैंक दाखिला गरेको देखिएकोले पालिकाले कृषकतर्फ थप रु.७००० समेत भुक्तानी गरेको देखिएकोले कृषकतर्फको बढी खर्च लेखेको रकम रु.७००० सम्बन्धितबाट असुल हुनुपर्ने रु.७००० | ७,००० |
| ४३ | | | **सार्वजनिक परीक्षण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्र्तगत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ४४ | | | **करचुक्ता प्रमाणपत्र र कर समायोजन पत्रको प्रमाण पेश गर्नुपर्ने**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को दफा १२४ को उपनियम २ (क) मा धरौटी रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछि मात्र धरौटि रकम फिर्ता दिनु पर्ने व्यवस्था छ। कार्यालयले निम्न अनुसार निर्माण व्यवसायिको करचुक्ता प्रमाण पत्र र कर समायोजन पत्र बेगर धरौटी रकम फिर्ता गरेकोले करचुक्ता प्रमाण पत्र र कर समायोजन पत्रको प्रमाण पेश गर्नुपर्ने रु ५४४६७९। | ५४४,६७९ |

| भौ. नं . र मिति | निर्माण व्यवसायिको | धरौटी रकम |
|---|---|---|
| ०५।२०७८।१२।०९ | न्यू महाभारत निर्माण सेवा | १९९२३४ |
| ०६।२०७८।१२।०९ | न्यू महाभारत निर्माण सेवा | १७९३७५ |
| १०।२०७८।१२।०९ | किम्साङ निर्माण सेवा | १६६०७० |
| | जम्मा | ५४४६७९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **अधुरा आयोजना**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| क्र.सं. | आयोजना | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | खर्च रकम | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| 1 | Construction and Upgrading of Devitar Ghartichhap Gokule Chhotesahan Ghaiyabari Road | Innovative Infrastructure Pvt. Ltd, Kupaldole, lalitpue | 9/26/2077 | 2/15/2079 | 39,550.24 | 31% |
| 2 | Construction of Patle Sureni Solabhanjyang Tokedamar Road | S and M Nirman Sewa Pvt. Ltd., Namobuddha -8, Kavre | 9/29/2077 | 2/15/2079 | 75,623.01 | 72% |
| 3 | Construction and Upgrading of Tarakhase Lekh Syapledanda bhanjayng Gokule Road | Innovative Infrastructure Pvt. Ltd, Kupaldole, lalitpue | 9/26/2077 | 2/15/2079 | 40,554.18 | 33% |
| 4 | Construction of Budhakhani Gothdanda Water Supply Project | Mahabir Nirman Sewa, Rosho-1, Kavre | 12/19/2077 | 2080/02/31 | 27,110.25 | 19% |
| 5 | Construction of gravity water supply system for Magargaun Banakhu Salleni Chaukhola Water supply Project | BRIGHT/HRB/BIJAYA JV, Koteswor Kathmandu | 2/27/2078 | 5/1/2080 | 52,345.27 | 12% |
| 6 | Construction of Gravity water supply system for Chaudik Charkilla Water Supply Project | BRIGHT/HRB/BIJAYA JV, Koteswor Kathmandu | 2078/04/32 | 3/25/2080 | 76,740.77 | 24% |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | 7 | Construction of ward level health care center at ward 1 | Mhabar Construction, Mahabharat-1, Kavre | 1/30/2078 | 2/25/2079 | 41,489.81 | 81% | |
| | | | 8 | Construction of ward level health care center at ward 2 | Mhabar Construction, Mahabharat-1, Kavre | 3/31/2078 | 2/25/2079 | 12,739.40 | 25% | |
| | | | 9 | Construction of ward level health care center at ward 5 | Mhabar Construction, Mahabharat-1, Kavre | 1/30/2078 | 2/25/2079 | 41,508.23 | 86% | |
| | | | 10 | Construction and Upgrading work of Devitar Magargaun Aahalebaspur Rancha Road | kunwar Developers and Builders Pvt.Ltd., Kageshwori,Manohara-12,Kathmandu | 2/27/2078 | 2/25/2080 | 239,335.80 | 92% | |
| | | | 11 | Construction and Upgrading of Tarakhase Lekh Syapledanda bhanjayng Gokule Road (package 2) | Prince JK Builders PVt. Ltd, Hariharpur Gadhi-5, Ssindhui | 1/5/2078 | 2/25/2079 | | 10% | |
| | | | 12 | Construction of 10 bed Basic Hospital Building at Ghartichhap | Kshamadevi / New Draigon JV | 7/1/2078 | 3/31/2080 | 101,578.42 | 7% | |
| | | | 13 | Construction of Administrative Office Building Of Mahabharat Rural Municipality, IFB Number | R & CS Builders Pvt. Ltd, Gokarneswor -5, Kathmandu | 8/26/2078 | 5/30/2078 | 82,354.19 | 11% | |
| | | | 14 | Construction and | Ganga and Sing Construction, | 9/14/2078 | 4/15/2080 | | 0% | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (table continued below) | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | Chhedi Balechi Sirishbot Shantibot Kokhajor khola Road | Namibuddha-8, Kavre | | | | |
| 15 | Construction and Upgrading of Beteni Bisauni Banakhu Road | Radha Krishna & Brother Construction Pvt. Ltd, Sindhupalchowk | 9/14/2078 | 3/15/2079 | 26,764.24 | 42% |
| 16 | Construction and Upgrading of Mahadevtar Sardung Budhakhani Road | Ganga and Sing Construction, Namibuddha-8, Kavre | 9/14/2078 | 3/15/2079 | 13,049.37 | 18% |
| 17 | Construction and Upgrading of Rancha Udyaune Gatabesi Dapbhanjyang Road | Radha Krishna & Brother Construction Pvt. Ltd, Sindhupalchowk | 9/14/2078 | 3/15/2079 | 37,970.16 | 47% |
| 18 | Construction of Guranse Mantridanda Bhaldanda Chaudik Lamidanda Ghyapring Road | DS Nirman Sewa, Dhisini 3, Kavre | 9/18/2078 | 3/15/2079 | 17,637.61 | 33% |

४६

**डिपिआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| अधेरी दोभान पुल | जि पि एस टेक्नोलोजी प्रालि | १०, ०० , ००० | ९, ९४ , ४०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सडक सञ्जाल गुरुयोजना</td><td>न्यू प्लानेट इन्जिनियरिङ सर्भेसेज प्रालि</td><td>१५, ०० , ०००</td><td>१४, ९३ , ८६०</td></tr>
<tr><td>आग्रेटार कुडुलुबेसी कोल्टार सिचाई</td><td>ओझा इन्जिनियरिङ सर्भेसिज प्रालि</td><td>७, ०० , ०००</td><td>६, ९४ , ९५०</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।
</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>
ठेक्काको म्याद थप
सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२० (१) मा सार्बजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबूबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सक्ने उल्लेख छ। त्यस्तै सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी,ले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काईस दिन अगावै सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्ने ब्यबस्था छ। कार्यलयले निम्न निर्माण ब्यबसायीहरुमध्ये कतिपय निर्माण ब्यबसायीहरुको म्याद समाप्त हुनु अगावै म्याद थपका लागि निबेदन नदिएकोले कार्य सम्पन्न गर्नुपर्ने म्याद नाघेको दिन देखि कार्य सम्पन्न हुने मितिसम्म ०.०५प्रतिशत पुर्ब निर्धारित क्षतिपुर्ति लिएर म्यादथप गर्नुपर्ने देखिन्छ।
<table>
<tr><th>ठेक्का नं/निर्माण ब्यबसायी</th><th>निर्माण कार्य</th><th>सम्झौता रकम</th><th>जम्मा भुक्तानी</th><th>सम्पन्नगर्न मिति</th><th>म्याद र प्रगतीको अबस्था</th></tr>
<tr><td>1-77/78 Innovative infastructure</td><td>Upgrading of Davitar Ghartichap Gokule Chholesahan</td><td>9728019</td><td>2979451</td><td>2079/2/15</td><td>म्याद थप नभएको ३०%मात्र काम</td></tr>
<tr><td>2-77/78 S & M Nirman sewa</td><td>Construction of patle Sureni solabhaniyang tokedamar road</td><td>7967189</td><td>5696933</td><td>2/15/2079</td><td>म्याद थप नभएको ७१%मात्र काम</td></tr>
<tr><td>3-77/78 Innovative infastructure</td><td>Construction &Upgrading of Tarakhase Lekh Bhanjayang Gokule Road</td><td>9319645</td><td>3055081</td><td>2/15/2079</td><td>म्याद थप नभएको ३३%मात्र काम</td></tr>
<tr><td>8-77/78 Mahabar Construction</td><td>Construction of ward level health care center-1</td><td>3873679</td><td>3125565</td><td>2/25/2079</td><td>म्याद थप नभएको ८०%मात्र काम</td></tr>
<tr><td>9-77/78 Mahabar</td><td>Construction of ward level health care</td><td>3877656</td><td>959701</td><td>2/25/2079</td><td>म्याद थप नभएको २५%मात्र</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| Construction | center-2 | | | | काम |
| 10-77/78 Ganga & Sing construction | Construction of ward level health care center-3 | 3827117 | 3680919 | 2/25/2079 | म्याद थप नभएको, कार्य सम्पन्न/स्विकार प्रतिबेदन तयार नभएको |
| 11-77/78 Mahabar Construction ruction | Construction of ward level health care center-5 | 3625450 | 3126933 | 2/25/2079 | म्याद थप नभएको, कार्य सम्पन्न/स्विकार प्रतिबेदन तयार नभएको |
| 12-77/78 Brothers Construction ruction services pvt.ltd | Construction of ward level health care center-6 | 3635740 | 3322560 | 2/25/2079 | म्याद थप नभएको, कार्य सम्पन्न/स्विकार प्रतिबेदन तयार नभएको |
| 13-77/78 A.D.P Construction ruction services pvt.ltd | Construction of ward level health care center-7 | 3633114 | 3406667 | 2/25/2079 | म्याद थप नभएको, कार्य सम्पन्न/स्विकार प्रतिबेदन तयार नभएको |
| 15-77/78 S.N Construction ruction | Construction of patle Sureni Solabhanjyang Road | 4645685 | 4599232 | 2/25/2079 | म्याद थप नभएको, कार्य सम्पन्न/स्विकार प्रतिबेदन तयार नभएको |
| 16-77/78 Prince J.K Builders Pvt.Ltd | Construction &Upgrading of Tarakhase Lekh Syapledanda bhanjayang gokule Road pack-2 | 4437904 | | 2/25/2079 | कार्यनै नभएको धरौटी जफतको प्रमाण पेश गर्ने |
| 17-77/78 Ganga & Sing construction | Construction &Upgrading of Davitar Ghartichap Gokule Chhotesahan ghaiyabri road 2 | 4731261 | 3189470 | 2/25/2079 | म्याद थप नभएको ६७%मात्र काम |
| 18-77/78 Kshamadevi New Dragon.J.v | Construction of 10 bed Basic hospital Bulding at Ghartichhap | 110126697 | 7652241 | 3/31/2080 | ६%मात्र काम भएको |
| 2-78/79 Ganga & Sing construction | Construction & chedi Balechi Sirshbot shantibot kokhajor khola road | 4292127 | | 3/15/2079 | ठेक्का सम्झौता पश्चात बिबाद भै स्थलनै उपलब्ध गराउन नसकेकोले काम नभएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| 3-78/79 Radha Krishana & Brother construction pvt.ltd | Construction & Upgrading of Beteni Bisuani Banakhu Road | 4860020 | 2044299 | 3/15/2079 | म्याद थप नभएको ४२%मात्र काम |
| 4-78/79 Ganga & Sing construction | Construction & Upgrading of Mahadevtar sardung Budhakhani Road | 5468442 | 1011112 | 3/15/2079 | म्याद थप नभएको १८%मात्र काम |
| 5-78/79 Radha Krishana & Brother construction pvt.ltd | Construction & Upgrading of Rancha Udyaune Gatbesi Dapbhanjyang Road | 6171676 | 2894444 | 3/15/2079 | म्याद थप नभएको ४७%मात्र काम |
| 6-78/79 D.S.Nirman Sewa Dishni | Construction Guranse Mantridanda Bhaldanda Chaudik Lamidandaghyapring Road | 4225418 | 1391730 | 3/15/2079 | म्याद थप नभएको ३३%मात्र काम |
| 7-78/79 Sreejana construction Kavrea | Construction & Upgrading of kollar Khanitar masanebhanjyangRoad | 404349 | 3828287 | 3/15/2079 | म्याद थप नभएको, कार्य सम्पन्न/स्विकार प्रतिबेदन तयार नभएको |

(क) माथी उल्लेखित निर्माणब्यबसायीहरुमध्ये 10-77/78 Ganga & Sing construction,11-77/78 Mahabar Construction ,12-77/78 Brothers Construction services pvt.ltd,13-77/78 A.D.P Construction ,15-77/78 S.N Construction services pvt.ltd, 7-78/79 Sreejana construction Kavrea, निर्माण ब्यबसायीहरुको म्याद थप नभएको,कार्य सम्पन्न/स्विकार प्रतिबेदन तयार नभएकोले सोको प्रमाण पेश गर्नुपर्ने देखिन्छ।

(ख) 16-77/78 Prince J.K Builders Pvt.Ltd, Construction &Upgrading of Tarakhase Lekh Syapledanda bhanjayang gokule Road pack-2 को सन्दर्भमा कार्य नै शुरु नगरेकोले धरौटी रु जफतको प्रमाण पेश गर्ने।

(ग) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा खरिद सम्झौता कार्यान्वयन सम्बन्धि व्यवस्था छ। निर्माण सम्झौता पछी निर्माण स्थल उपलब्ध गराई सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न गरी ठेक्का फरफारक गर्नुपर्दछ। कार्यालयले 2-78/79 Ganga & Sing construction, Construction & chedi Balechi Sirshbot shantibot kokhajor khola road ठेक्का सम्झौता पश्चात बिबाद भै स्थलनै उपलब्ध गराउन नसकेकोले काम नभएको भनि उल्लेख भएकोमा निर्माण स्थल एकिन नभई निर्माण कार्य सम्झौता गरेको उपयुक्त देखिएन। यसबाट निर्माण कार्यको कुल कार्य प्रगतिमा समेत असर परेको देखिएकोले निर्माण स्थलको एकिन नभई बजेट विनियोजन र निर्माण सम्झौता गर्ने कार्य पुनरावलोकन गरी नियन्त्रण गर्नेपर्ने देखिन्छ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **मूअकर विजक**<br><br>मू.अ.कर नियमाबली २०५३ को नियम १७.१ अनुसार मुल्य अभिबृध्दी करमा दर्ता भएको ब्यक्तिले कुनै बस्तु वा सेवाको आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्विकृत गरेदेखि बाहेक प्रापकलाई अनुसुची ५ बमोजिमको ढाँचामा कर बिजक जारी गर्नुपर्ने व्यबस्था रहेको छासाथै आन्तरीक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मुल्य अभिबृध्दी करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको क्रम संख्या १ बाट शुरु गर्नुपर्ने,कर बिजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख।यस कार्यालयले निम्न अनुसारका आपुर्तिकर्ताहरुलाइ भुक्तानी दिदा संलग्न गरेका बिलहरुमा हातले नम्बर राखेको र बिलको मिति नै उल्लेख नभएकोले मुल्य अभिबृध्दी कर बापत भएको भुक्तानी रु.२९३०८७। को समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने | २९३,०८७ |

| भौ.नं./मिति | सम्बन्धित उपभोक्ता समिति/आयोजनाको नाम | आपूर्ति कर्ताको नाम/निर्माण यबसायी | भुक्तानी रकम | समायोजन पेशगर्नेमू.अ.क. | कैफियत |
|---|---|---|---|---|---|
| ३७६- ३।२५ | राधाकृष्ण एण्ड ब्रदर्स कन्स्ट्रक्सन | सडक निर्माण | १२१८९०५ | १४०२२८ | १८ हातले बिजक नं लेखेको |
| ३७८- ३।२५ | महादेबटार सर्दुङ्ग बुढाखानी सडक निर्माण | सडक निर्माण | १३९१७२० | १५२८५९ | ११६लाई ०१६ हातले बनाएको |
| जम्मा | | | | २९३०८७। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९ | | | **हेभी इक्विपमेन्टको प्रयोग**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गो. भौ . नं।मिति | योजना / उ . स . | कार्यसम्पन्न रकम | विवरण | कार्य | सप्लायर्स | ईकुपमेन्ट खर्च |
|---|---|---|---|---|---|---|
| ८।०७९।३।१९ | ठाकुर स्थान विद्यालयबाट तल्लो बस्ती कोलटारमाने भन्ज्याङ सडक स्तरोन्नति/ उ . स . | २१५२९६२ | स्काभेटर भाडा तथा फ्युल खर्च | सडक खन्ने | दिप कन्स्ट्रक्सन ६०२७९६७९८ | २११५१६९ |
| ९।०७९।३।२२ | ठाकुरस्थान विद्यालय | १८३८६३१ | स्काभेटर भाडा | मैदान खन्ने | दिप कन्स्ट्रक्सन ६०२७९६७९८ | २२३७४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>खेलमैदान / उ . स .</td><td></td><td></td><td></td><td></td><td></td></tr><tr><td>७।०७९।३।२३</td><td>मौवाडाडाँ खोलाडाडा बुढानिलकण्ठ सडक नि. उ . स .</td><td>११२०३३६</td><td>स्काभेटर भाडा तथा फ्युल खर्च</td><td>सडक खन्ने</td><td>दिप कन्स्ट्रक्सन ६०२७९६७९८</td><td>१०८२०६३</td></tr></table> | |
| ५० | | | **गुणस्तर परीक्षण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ। स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन। | |
| ५१ | | | **अनुगमन**<br><br>गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद र ठेक्का स्वीकृति लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन। बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ। | |
| ५२ | | | **बढी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६)अनुसार उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राबिधिक मूल्यङ्कन,बिल,भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्बजनिक निकायमा पेश गर्नुपर्ने ब्यबस्था रहेको छ।कार्यालयले गो. भौ. नं.।मिति १२७-०७८।१२।२९ बाट गैरी भन्ज्याङ्ग साईटारमाने पुर्खाई सडक उ.सले माईन्युट गर्दा १५घण्टा डोजर लागेको उल्लेख भएकोमा मोलाम कन्स्ट्रक्सन प्रा.ली.लाई २३.५ घण्टा रु२,०००।का दरले भुक्तानी भएकोले माईन्युटमा उल्लेख गरेभन्दा ८.५बढी भुक्तानी भएकोले मू.अ.कर समेत असुल गरी दाखिला गर्नुपर्ने रु. | १९,२१० |
| ५३ | | | **कम बिलभरपाई**<br><br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (११) र ९७ (६) मा उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न भएपछि सम्बन्धित प्राविधिकबाट जाँचपास गराउने र हरेक किस्ताको कामको प्राविधिक मुल्याङ्कन, बिलभरपाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने र सार्वजनिक निकायले सोही आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भौतिक पूर्वाधार विकास कार्यक्रम तर्फ गो.भौ.नं।मिति १।०७९।३।२० मार्फत सानो पोखरा घिसिङ डाडा घट्टेचौकी सडक निर्माण योजनामा कार्यसम्पन्न प्रतिवेदन मूल्याङ्कन गरेको भन्दा उपभोक्ता समितिले निर्माण सामाग्री कम खरिद गरेको बिलभरपाइ पेश गरेको देखियो। कार्यसम्पन्न प्रतिवेदन तथा नापीकिताबअनुसार सामान्य माटो खन्ने कार्यका लागि सडक नर्म्स २०७५ अनुसार प्रति घ.मि. ०.०१६६ घण्टाले १३४५०.४ घ.मी. लाई २२५ घण्टा स्काभेटर लाग्ने देखिन्छ। तर उपभोक्ता समितिले सत्यम शिवम कन्स्ट्रक्सनको स्काभेटर १६२ घण्टा चलि प्रति घण्टा रु.२३०० ले भुक्तानी दिएको बिल पेश गरेको देखियो। जसले गर्दा तोकिएको गुणस्तरमा कार्य भएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था देखिएन। कार्यसम्पन्न प्रतिवदेन मूल्याङ्कन भन्दा कम बिल पेश भएको ६३ घण्टाको प्रति घण्टा रु.२३००का दरले बढी भुक्तानी भएको रकम १४४९०० असुल हुनुपर्ने रु | १४४,९०० |
| ५४ | | | **नर्म्स भन्दा बढी भुक्तानी** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सडक बिभाग बाट पारीत भएको नर्म्स अनुसार सडकमा प्रयोग हुने मेशिन (डोजरका)लागी प्रती घण्टा ९.१२ र १४.४० लीटर डिजेल आबश्यक हुने गरी नर्म्स पारीत भएको छ।मेशिन चलेको प्रति घण्टा१४.४०(बढीका) दरलेनै हिसाब गर्दा पनि पारित नर्म्स भन्दा बढी मात्रामा डीजेल खर्चमाग भै सोहि अनुसार उपभोक्ता समुहलाई नर्म्समा उल्लेख भए भन्दा बढी भुक्तानी भएको देखिन्छ।पालिकाले स्काभेटर, ब्याकलोडर,ब्रेकर र बकेटको प्रयोग गर्दा hard, mixed, soft rock र बाटो सफा गर्दा के कति डिजेल खपत हुने भन्ने सम्बन्धमा सम्बन्धित कार्यालयको परामर्श लिई आधार (नर्म्स) बनाउनुपर्नेमा सो नबानाएकोले तल उल्लेखित उ.स.हरुलाई डिजेल बापत भएको भुक्तानी मितव्ययी र यथार्थ ढङ्गबाट भएको छ भन्ने आधार देखिएन। | |

| भौ.नं मिति | उपभोक्ता समुह/भुक्तानी लिने निकाय | मेशिन प्रयोग घण्टा | डिजेल खर्च भु.ली | नर्म्समा खर्च गर्न मिल्ने ली | नर्म्सभन्दा बढी खर्च ली | बढी डिजेल खर्च मुल्य |
|---|---|---|---|---|---|---|
| ४- ७८। ८।१६ | सोला भुमेचुली चारकिल्लासडक नि. उ . स | ८८।५ | १३१८ | १२७५ | ४३ | ५००४ |
| ५- ७८। ८।१९ | चारकिल्ला सेपाईलो घमाईलो नि. उ . स | ११५ | १६९७ | १६५६ | ४१ | ४७७२ |
| ७- ७८। ८।१९ | गल्टार गाताबेसी गोगने आँपटार | १०६ | १७७८ | १५२६ | २५२ | ३०३१५ |
| ८/ - ७८। ८।१९ | बैरेनी डबली घर्तीछाप थिङ्कटोल नि . उ . स | १२१ | १९८९ | १७४२ | २४६ | २९५१५ |
| ९- ७८।८।१९ | चौकीडाँडा बुढाखानी बेसार देबिटार सडक | १७१ | ३०७३ | २४६२ | ६११ | ६९५८८ |
| १०- ७८।८।१९ | सोला सिम्ले सडक मर्मतउ.स | २२ | ३५५ | ३१७ | ३८ | ४५५१६ |
| ११- ७८।८।१९ | ताराखसे लेक गोकुले धाम जोरछाँगा स | २०७ | २९९४ | २९८० | १४ | १६३६ |
| १५- ७८।८।२० | मैनडाँडा अमलबास सडक मर्मत | ५०.५ | ७४८ | ७२७ | २० | २४०५ |
| १९- ७८।९।६ | ठुटेआप भोला भन्जन्याङ्कहोलीदे पात्ले सिउरेनि स. | ५७ | १०७३ | ८२० | २५३ | ३०४३५ |
| २१- ७८।९।६ | राङ्कचा उद्याउने गल्टारमैनडाँडा घर्तीछाफ गैरीगाँउ सडक मर्मत | १४४ | २२८२ | २०७७ | २०५ | २३३४८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२- ७८।९।६ | ३नं वडा स्तरीय शाखा सडक मर्मत मर्मत उ.स | ८८ | १६२६ | १२७५ | ३५१ | ४२११० |
| ३३- ७८।९।६ | महाथान रातेचौर गातादोभान मैनढाँडा घुईटार सढक मर्मत उपभोक्ता समिति | ५७ | १०७३ | ८२० | २५३ | ३०४३५ |
| ३५- ७८।९।६ | डोटे लामाटोल चकमके सडक उपभोक्ता समिति | ४७ | ८१४ | ६७६ | १३८ | १६६०१ |
| ३६- ९।२७ | बार्तले ढिकिडाँढा सढक नी उ.स | ४८ | ७९५ | ९६१ | १६६ | १९८८३ |
| ४५- १०।१६ | माने गैरीटोल बेतैनी सढक | ३१७ | ४६२८ | ४५६४४४ | ६४ | ७६६५ |
| ४९- १०।२७ | बासपुर सिरानटोल बेसेरी सढक नी उ.स | ७५ | १४१७ | १०८० | ३३७ | ४०४०६ |
| ५२- ११।४ | हेल्थपोष्ट चिहान डाँडा गोलेडाँडा ज्यामिरे भोक्टेनी | ४४ | ९५० | ६३३ | ३१७ | ३८३६७ |
| ५५- ११।६ | पधेरोपाखा भोलनटोल बाँसघारी सढक नी उ.स | १४० | ३२११ | २०१६ | ११९५ | १४३२८० |
| ५६- ११।१२ | ढोकाढुङ्गा आधामारा धन्सार डाडा उद्याउने उ.स | ५५ | ८३४ | ७९२ | ४२ | ५०३५ |
| ६३- ११।१५ | गोपे पानीघाट सडक नि.उ.स | १२५ | १८६९ | १८०० | ६९ | ८३०० |
| ६४- ११।१६ | चारघरे काफलडाँडा सडक नि.उ.स | १२१.५ | १८६८ | १७५० | ११८ | १४१९५ |
| ६६- ११।१८ | कामिढाँडा तालढुङ्का बार्हबिसे सडक नि.उ.स | ४५ | ७४८ | ६४८ | १०० | १२०३० |
| ६७- ११।१८ | स्याङ्गतानडाँडा तालढुङ्का बार्हबिसे सडक नि.उ.स | ४४ | ७७० | ६३३ | १३७ | १६४८१ |
| ७०- ११।१२ | भुबनडाँडा आरुबोट फेदि | ३४.६५ | ७०६ | ४९८ | २०८ | २४९४० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | सडक नि.उ.स | | | | | | |
| | | | ७१- ११।२२ | पसलडाँडा रातमाटे सडक नि.उ.स | ३३.८५ | ७०८ | ४८७ | २२१ | २६४९८ | |
| | | | ७२- ११।२२ | पसलडाँडा खोलाटोल सडक नि.उ.स | ४६.१५ | ९१७ | ६६५ | ४८ | ५७५५ | |
| | | | ७३- ११।२२ | बुढाखानी चौतारा हिराबहादुर सडक नि.उ.स | ८८ | १८०१ | १२६८ | ५३३ | ६३९०६ | |
| | | | १००- १२।११ | खानीटार छाङ्गटार सडक नि.उ.स | ४० | १८६७ | ५७६ | १२९१ | १७२८६५। | |
| | | | १०२- १२।१३ | आरुबोट फिरीम सडक नि.उ.स | १६० | ३८६६ | २३०४ | १५६२ | २०१९६५ | |
| | | | १६६- १।१३ | गोपेखोला बाल चेतना सडक नि.उ.स | १२५ | १८६६ | १८०० | ६६ | ७९३९ | |
| | | | १७०- १।१३ | स्याप्लेडाँडा रातमाटे जोरछाँगा सडक नि.उ.स | १६० | ४४६८ | २३०४ | २१६४ | २८८५४७ | |
| | | | १८८- २।११ | भुपालडाँडा भन्ज्याङ्क देखि दमारटोल सडक नि.उ.स | ५४ | ११९२ | ७७७ | ४१५ | ५२०५३ | |
| | | | २५३- ३।७ | वाईबा दमार घालखोला चारघरे सडक नि.उ.स | ३०.५ | ५२५ | ४४० | ८५ | १२२३५ | |
| | | | २८५- ३।१२ | बुध्दमाने गुम्बा मर्मत उ.स | १० | २०७ | १४४ | ६३ | १२१५२ | |
| | | | ३०४- ३।१७ | बुध्दबिहार सडक उपभोक्ता समिति | ४५ | ८०३ | ६४८ | १५५ | २९९०० | |
| | | | ३००- ३।१५ | घसिङ्कडाँडा टुटे सडक नि.उ.स | ६१ | ९५० | ८७८ | ७२ | ११९२६ | |
| | | | ३१०- ३।१९ | फोक्सङ्कटार दोगा महादेबटार सडक नि.उ.स | १३४ | २७५५ | १९२९ | ८२६ | ११३८७२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३१७- ३।१९ | घिसिङ्कडाँढा घट्टे पालुङ्गे सडक नि.उ.स | ३६ | १५०७ | ५१८ | ९८९ | १६३१६५ |
| ३४०- ३।२१ | काफ्ले दखिने हाईडाँडा सडक नि.उ.स | ६५ | १००७ | ९३६ | ७१ | ९८६१ |
| जम्मा | | | | | | १८, ३४ , ९२१। |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रममा कन्टिन्जेन्सी कट्टी** | १३,५०० |

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि , २०७७ को दफा ६ को उपदफा १ मा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट विनियोजन भएको रकम श्रमिकको ज्यालामा मात्रै खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनोटका आधारमा लेखापरीक्षण गरिएकोमा पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका निम्नानुसारका आयोजनाहरुमा श्रमिक ज्याला बाहेक कन्टिन्जेन्सी खर्च समेत लेखेको देखियो । पालिकाले कार्यविधि विपरित निम्नानुसारको कन्टिन्जेन्सी खर्च लेखेको रकम असुल गरि संघीय सं चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| गो. भौ . नं।मिति | योजना / उ . स . | कार्यसम्पन्न रकम | कन्टिन्जेन्सी कट्टी रकम |
|---|---|---|---|
| २०।०७९।१।८ | गोकुले घररमथली चिर्का गोरेटो बाटो / उ . स . | १३७३४७ | १५०० |
| ४३।०७९।३।८ | काफलडाडा पानीबाट सतल निर्माण / उ . स . | १४३५०४ | १५०० |
| ४४।०७९।३।८ | नौलोडाडा सत्तल नि. / उ . स . | १४६७०९ | १५०० |
| ५०।०७९।३।१३ | चाखोला सिमलटार बेसीटोल सिचाइ / उ . स . | १९४०४३ | २००० |
| ५१।०७९।३।१३ | बादरे खोल्छी सिचाइ / उ . स . | १४१२१४ | १५०० |
| ५२।०७९।३।१३ | पोखरा खोला दोभान तटबन्धन नि/ उ . स . | १९६५७३ | २००० |
| ५३।०७९।३।१३ | फोक्सिङटार च्यानडाडा गोरेटोबाटो / उ . स . | १६९६४९ | २००० |
| ५४।०७९।३।१४ | घुडे सत्तल नि/ उ . स . | १४६०५९ | १५०० |
| | | जम्मा | १३५०० |

***(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०७९।१२ ।२३ को निर्णयबाट रु.५००० ।- सम्परीक्षण गरिएको ।)***

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **जटिल संरचना निर्माण**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् : | |

| भौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३६१- ३।२३ | सोक्तेल टोके सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | २७, १० , ४००। |
| | जम्मा | | |
| नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **निस्कृय खाता**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा परिचय पत्र नवीकरण सामाजिक सुरक्षा भत्ता वितरण प्रत्येक वर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन बैंक मार्फत भत्ता वितरण सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन नियमित अनुगमनका साथै केन्द्रीकृत सूचना प्रणालीमा प्रविष्टी गरी लगत अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । बैंकले उपलब्ध गराएको विवरण अनुसारका निष्कृय लाभग्राही ९ जनाको रु ५५११३ का सम्बन्धमा वास्तविक अवस्था यकिन गर्नुपर्छ। | |
| ५८ | | | **अनुगमन तथा सम्परीक्षण**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछर्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षको बेरुजू फछर्यौटको तथा अध्यावधिक बेरुजूको स्थिति निम्नानुसार देखिएको छ । | |

| आ.व. | दफा नं | बेरुजुको छोटकरी विवरण | बेरुजु रकम | फर्छयोटको व्यहोरा र ठहर | फर्छयौट रकम |
|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७७।७८ | १४ | संघीय संचित कोषमा अनुदान फिर्ता गर्नुपर्ने | ३०३००४०२ | आ.व. ७८।७९ मा मिति ०७८।१२।२९ मा रा.वा.बैं. भौ.नं.११११०५४५ मार्फत रु.१६०२७०८८, मिति ०७८।१२।२९ मा रा.वा.बैं. भौ.नं.११११०५४४ मार्फतरु. २१०४०२ र आ.व. ७९।८० मा मिति २०७९।६।१३ मा रा.वा.बैं. भौ.नं.१११८२६२८ मार्फत रु. १४०६२९१२ गरी कुल रु३०३००४०२. फिर्ता गरेको प्रमाण पेश गरेकोले बेरुजु सम्परीक्षण गरिएको छ। | ३०३००४०२ | |
| | | | ०७७।७८ | ३७ | संचित कोषमा रहेको रकम फिर्ता | १३५८९३७ | पालिकाले आ.व. ७९।८० मा शिक्षातर्फ मिति ०७९।६।१३ मा रा.वा.बैं. भौ.नं.१११८२६२९ मार्फत रु.३४३९१० र लघुउद्यमतर्फ रु.५०२३७० गरी कुल रु.८४६२८० र सामाजिक सुरक्षातर्फ मिति ०७८।११।०६ मा रा.वा.बैं. भौ.नं.११११०५१० मार्फत रु.२५०४००, रा.वा.बैं. भौ.नं ०९२०२९३९ मार्फत रु.४४०००, रा.वा.बैं. भौ.नं ०९२०२९३७ मार्फत रु.१४९७८८ र रा.वा.बैं. भौ.नं ०९२०२०३८ मार्फत रु.१२४६९ गरी कुल रु.४५६६५७ गरी कुल रु.१३०२९३७ दाखिला प्रमाण पेश भएकोले बेरुजु रमक रु.१३०२९३७ सम्परीक्षण गरिएको छ। | १३०२९३७ | |
| | | | | | **जम्मा** | **३१६५९३३९** | **जम्मा** | **३१६०३३३९** | |